जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक १८१    २०७७ साल फागुन ५ गते बुधबार (17 Feb. 2021 Wednesday)    मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेश नं. २ सरकारको ... ३ पृष्ठमा : गङ्गामायाको जीवन रक्षा.. ३ पृष्ठमा : डब्लुएचओद्वारा अस्ट्राजेनिका...

## एकै दिन तीन नवनिर्मित संरचनाको मन्त्री साहद्वारा उद्घाटन



सप्तरीको तिरहुत गाउँपालिकाको त्रिकौल बैरवामा नवनिर्मित विवाह मण्डप । ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता राजविराज, ४ फागुन ।** प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले मंगलबार एकै दिन तीन नवनिर्मित संरचनाको उद्घाटन गरेका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा कक्षा कोठा भवन र बिरामीका आफन्तका लागि कुरुवा घर तथा तिरहुत गाउँपालिकाको त्रिकौल बैरवामा धर्मशाला र विवाह मण्डपको छुट्टाछुट्टै कार्यक्रमबीच मन्त्री साहले उद्घाटन गरेका हुन् ।

हनुमाननगर कंकालिनी नगरपालिका १० भगवानपुरस्थित राष्ट्रिय प्राथमिक विद्यालयमा सामाजिक विकास मन्त्रालयको २० लाखको लागतमा निर्माण भएको २ कोठे भवनको मन्त्री साहले उद्घाटन गरे ।

त्यसैगरि सोही नगरपालिका ७ स्थित स्वास्थ्य चौकीमा संसदीय विकास कोषबाट निर्मित कुरुवा घर  र तिरहुत गाउँपालिका १ स्थित त्रिकौल बैरवामा पनि संसदीय विकास कोषको ९० लाख रुँपैयाको लागतमा निर्माण गरिएको धर्मशाला र विवाह मण्डपसमेतको मंगलकारै मन्त्री साहले उद्घाटन गरेका छन् ।

स्थानिय कुश्मिदेवी पंजियारले स्व. पति छेदी पंजियारको नाममा करिब ३ करोड मुल्य पर्ने १० कठ्ठा जग्गा निशुल्क उपलब्ध गराएपछि धर्मशाला र विवाह मण्डप निर्माण गरिएको मन्त्री साहका स्वकिय सचिव राजकुमार यादवले जानकारी दिए ।

सो कार्यक्रममा प्रदेशसभा सदस्य मनिष सुमन, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साह, कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, तिरहुत गाउँपालिकाका अध्यक्ष हेमन्त बहरखेर, सामाजिक विकास मन्त्रालयका सचिव कृष्णप्रसाद कापडी, योजना महाशाखाका प्रमुख ठुलोबाबु दाहालले मन्तव्य व्यक्त गरेका थिए ।

## लागुऔषधसहित पक्राउ परेका दुई जना पूर्पक्षका लागि कारागार चलान

**दैनिक समाचारदाता राजविराज, ४ फागुन ।** सप्तरी प्रहरीले लागु औषधसहित पक्राउ गरेको दुई जनालाई मंगलबार जिल्ला अदालतले पूर्पक्षाका लागि कारागार चलान गरेको छ ।

२०७७ मंसिर ८ गते जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका वडा नं १४ रामपुरमल्हनियाबाट लागुऔषधसहित पक्राउ परेका सप्तरीको महदेवा गाउँपालिका वडा नं. २ निवासी ३४ वर्षिय सन्तोष यादव र हनुमाननगर कंकालिनि नगरपालिका वडा नं १४ रामपुरमल्हनिया निवासी ५० वर्षिय बिरेन्द्र कुमार यादवलाई अदालतले पूर्पक्षाका लागि कारागार चलान गरेको हो ।

भारतबाट नेपालतर्फ आउदै गरेको बा.९७ प.१४९७ नं को मोटरसाइकल शंका लागी चेकजाँच गर्ने क्रममा उक्त मोटरसाइकल चालक सन्तोष यादब र पछाडी सवार बिरेन्द्र यादवको बिचमा राखिएको झोला भित्र लुकाई छिपाई राखिएको प्रतिबन्धित लागु औषध डायलेक्स डिसि १८ बोतल, डाएजेफाम ११, लिजेसिस ११, फेनागन नाइट्रोजन १० थान फेला पारेको थियो ।

पक्राउ गरी लागु औषध मुद्दा चलाइएकाहरुलाई मंगलबार जिल्ला अदालत सप्तरीको आदेशम कारागार पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वरप्रसाद साले जानकारी दिएका छन् ।

## विद्यार्थी र अभिभावकको दबाबमा सरस्वती पूजा सम्पन्न





**दैनिक समाचारदाता राजविराज, ४ फागुन ।** राजविराज वडा नं. ४ स्थित आधारभुत विद्यालय केन्द्र नं. ६ मा मंगलबार बिहान १० बजेसम्म पनि सरस्वती पूजा गर्ने छाटकाट नदेखेपछि उक्त विद्यालयका विद्यार्थी र अभिभावकले नाराबाजी गर्दै बिरोधमा उत्रेपछि सरस्वती पुजा गरिएको छ ।

सरस्वतीको पूजा नगरे विद्यालयमै तालाबन्दी गरिदिने विद्यार्थी र अभिभावकले तयारी गरेपछि विद्यालयका प्रधानाध्यापक शंकर यादवले ढिलै भएपनि पूजा गर्ने तयारी गरेका थिए ।

विद्यार्थी र अभिभावकसँगै वडा अध्यक्ष मो. अख्तर बाबाको समेत बिरोध आएपछि सरस्वतीको मूर्ती ल्याएर प्रअ यादवले पूजाको ब्यवस्था मिलाएका थिए ।

स्थानिय अभिभावक बसन्त साहले विद्यार्थीको आस्थाप्रति खेलवाड गर्ने प्रअ यादवमाथी कारवाहीको माँग गरेका छन् भने वडा अध्यक्ष अख्तर बाबाले विद्यार्थीको आस्थासँग जोडिएको विषयमा लापरवाही गर्ने प्रअ यादवमाथी कारवाहीका लागि नगरपालिका र मातहातका शिक्षा शाखामा पत्राचार गरिने बताएका छन् ।

यता कोरोनाको संक्रमणका कारण यसपल्ट पूजा नगर्ने प्रअ यादवको भनाई थियो ।



# प्रदेश नं. २ सरकारको तीन वर्ष पूरा

जनकपुरधाम, ४ फागुन (रासस)।

प्रदेश नं २ सरकार गठन भएको तीन वर्ष पूरा भएको अवसरमा सरकारले आफ्नो तीन वर्षको कार्यप्रगति विवरण सोमबार सार्वजनिक गरेको छ। तत्कालीन सङ्घीय समाजवादी फोरम नेपालको प्रदेश नं २ संसदीय दलका नेता लालबाबु राउतको नेतृत्वमा विसं २०७४ फागुन ३ गते वर्तमान सरकार बनेको थियो। तीन वर्षको अवधिमा सरकारले गरेको कार्यप्रगतिको प्राथमिकतामा सङ्घीय प्रणाली कार्यान्वयनका लागि सङ्घीय सरकारविरुद्ध गरेको मुद्दा मामिलालाई समेत दर्शाइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनकपुरधाममा आयोजना गरेको प्रदेश सरकारको तीन वर्षको उपलब्धि सार्वजनीकरण समारोहमा मुख्यमन्त्री लालबाबु राउतले सरकारको यस तीन वर्षको कार्यकालमा प्रदेश सरकारले सङ्घीयता संस्थागत गर्नका लागि कानून निर्माण, भौतिक संरचना र मानवीय विकासका साथसाथै शिक्षा र स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण काम गरेको बताउनुभयो ॥। उहाँले यस अवधिमा ४३ वटा कानून निर्माण गरिएको र ३६ कानून निर्माणका लागि प्रक्रियामा रहेको जानकारी दिनुभयो।

मुख्यमन्त्री राउतका अनुसार प्रदेश सरकारले सङ्घीयतालाई संस्थागत गर्न कानून निर्माणको कामलाई पहिलो प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो। उहाँले लक्षित वर्गमैत्री कानून निर्माण गरी विभेदरहित समतामूलक र सुशासित प्रदेश निर्माणको कामलाई अगाडि बढाइएको बताउनुभयो।

यस अवधिमा प्रदेश सरकारले मानव सूचकाङ्कको दृष्टिकोणले शिक्षा, स्वास्थ्य र कनेक्टिभिटीको सवालमा निकै नै पछाडि परेको प्रदेश २ मा शिक्षा, स्वास्थ्य र सडक पूर्वाधारलाई दोस्रो प्राथमिकतामा राखेर काम अगाडि बढाएको छ। गुणस्तरीय शिक्षा प्रवाहका लागि आठवटै जिल्लाका प्रत्येक प्रदेशसभा निर्वाचन क्षेत्रमा एउटा प्राविधिक विद्यालय निर्माणका साथसाथै एउटा नमुना विद्यालय निर्माणको कामलाई अगाडि बढाएको छ। पूर्वाधार नभएको विद्यालयमा पूर्वाधार निर्माण गर्नुका साथै स्थानीय सरकारसँगको समन्वयमा विद्यालयमा विषयअनुसारको शिक्षक दरबन्दी कायम गर्ने अभियान अगाडि बढाइएको छ।

शिक्षामा सबैको पहुँच होस् भन्ने दृष्टिकोणले सरकारले दलित छात्रालाई मासिकरूपमा रु ५०० छात्रवृत्ति दिने गरेको छ। हरेक समुदायका बालबालिकालाई विद्यालयमा भर्ना गराउनका लागि विभिन्न खालका जनचेतनामूलक कार्यक्रम आयोजना गरी विद्यालय भर्ना अभियानलाई सफल पार्नमा भूमिका खेलेको छ।

मुख्यमन्त्री राउतले स्वास्थ्य सेवामा सबैको पहुँचका लागि मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको गठन गरी काम अगाडि बढाइएको उल्लेख गर्नुभयो। साथै उहाँले कोभिड-१९ को नियन्त्रणका लागि प्रदेश सरकारले सङ्घ सरकारको समन्वयमा उच्च मनोबलका साथ काम गरेकै कारण महामारी नियन्त्रणमा सफलता प्राप्त गरेको जिकिरसमेत गर्नुभयो। प्रदेश २ का अस्पताल नरहेका तीन जिल्लामा जिल्लास्तरको अस्पताल सञ्चालन गर्नुका साथै जनकपुर अञ्चल अस्पताललाई प्रादेशिक अस्पताल, महोत्तरीको जलेश्वर अस्पताललाई सरुवा रोग अस्पतालका रूपमा विकास गरिएको छ।

भौतिक पूर्वाधार निर्माणको सवालमा आव २०७६/७७ सम्ममा यस प्रदेशका अतिविपन्न परिवारका लागि जनता आवास कार्यक्रममार्फत दुई हजार १०१ घर निर्माण भएका छन्। प्रदेश २ का आठवटै जिल्लामा सम्झौता भएका चार हजार ६५९ घरमध्ये दुई हजार ५५८ घर अझै निर्माणका क्रममा रहेको भौतिक पूर्वाधार मन्त्रालयको तथ्याङ्कले देखाउँछ।

तीन वर्षको अवधिमा विभिन्न पालिका जोड्ने करिब एक हजार किलोमिटर सडक पिसीसी ढलान गरिएको छ भने प्रत्येक प्रदेशसभा निर्वाचन क्षेत्रमा पाँच किलोमिटरसम्म सडक कालोपत्र गर्ने काम अगाडि बढेको छ। जनतालाई घरदेखि प्रदेश राजधानी जनकपुरधामसम्म आउजाउ गर्नका लागि सरकारले विभिन्न भागबाट प्रदेश परिवहन सेवा सञ्चालनको काम अगाडि बढाएको छ। त्यसका लागि प्रदेश सरकारले पाँचवटा बससमेत खरिद गरिसकेको छ।

प्राकृतिक संरक्षणको सवालमा मुख्यमन्त्री स्वच्छता अभियानमार्फत प्रत्येक विद्यालय, सार्वजनिक सेवा प्रवाह हुने सरकारी कार्यालयमा शौचालय निर्माण, प्रदेशभित्रका सम्पदाको सौन्दर्य अभिवृद्धिलगायतका काम गरेको छ। हिन्दूहरूको आस्थाको केन्द्र जनकपुरधामको जानकी मन्दिर, मुस्लिम समुदायको आस्थाको स्थल महोत्तरीको रौजाबजार, सप्तरीको छिन्नमस्ता भगवती, महोत्तरी बनौलीको विद्यापति डिहसहितका

*बाँकी तीन पृष्ठमा*

## सम्पादकीय

### मदिरा तस्करी रोक्नु आवश्यक

सप्तरी जिल्लामा खुल्ला सीमानाका कारण अहिलेको समयमा राजश्व छलेर तस्करहरुले समान वारीपारी गरिरहेको देखिन्छ। भारतबाट नेपाल र नेपालबाट भारत सामान ओसारपोसार व्यापक रुपमा हुने गरेको छ। यसप्रति प्रहरी प्रशासन मौन रहेको देखिन्छ।

पूर्वी नेपालको अधिकांश मधेशका जिल्ला भारतको बिहार राज्यसँग टाँसिएको छ। बिहार सरकारले मदिरा बिक्रि बितरणमा पूर्णरुपले रोक लगाएको छ। तर रोक लगाइए पनि अहिलेको अवस्थामा नेपालबाट भारत सबैभन्दा बढी मदिराको तस्करी नै हुने गरेको छ। तस्करहरुले साइकल, मोटरसाइकल, डुंगा मार्फत तथा हातहातै पनि मदिरा पारी पुऱ्याउने गरेका छन्। मदिरा बिहारमा बढी मुल्यमा बिक्रि समेत हुने गरेकाले साना ठूलो सबै तस्करहरु यसमै केन्द्रित छन्।

यस प्रकारको गतिबिधीलाई परास्त पार्न सम्बन्धीत निकाय, स्थानिय प्रहरी प्रशासन तथा स्थानिय निकाय समेत गम्भिर भई सीमानाकामा अनुगमन र निरिक्षण गरि मदिरा पारी लैजाने कार्यलाई निस्तेज पार्नु आवश्यक छ। तसर्थ सीमानाकामा तैनाथ सुरक्षाकर्मीहरुले त्यस्ता कार्यलाई निरुत्साति गर्न कडा कदम चाल्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## राजबिराज नगरपालिका

०३१-५२०३०८

नगरकार्यपालिकाको कार्यालय
राजबिराज, सप्तरी

प.सं.:२०७७/०७८ मिति : २०७७।११।०५
सुचना.नं. १

**साझेदारीमा पशुपंन्छी प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धि सूचना ॥**
**(प्रथम पटक प्रकाशन)**

यस कार्यालय आ.व.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल अनुसार कार्यक्रमहरु " **लागत साझेदारीमा पशुपंन्छी प्रवर्द्धन कार्यक्रम कार्य संचालन प्रक्रिया २०७७** " वमोजिम लागत साझेदारीमा कार्यगर्न ईच्छुक सहकारी संस्था,कृषक समुह/समितीहरुले यो सुचना प्रकाशित भएको मितीले १५ औं दिन सम्म अर्थात फारम दर्ता हुने अन्तिम मिती :- २०७७/११/१९ सम्म कार्यालय समय भित्र तपसिल वमोजिम संग्लन कागजात सहित कार्यालय समय भित्र सिलवन्दी प्रस्तावना पत्र पशुपंक्षी विकास शाखामा दर्ता गर्न हुन आवह्रान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| सि.नं. | कार्यक्रम | संख्या | पालिकावाट व्यहोरिने साझेदारी रकम रु |
|---|---|---|---|
| १. | लागत साझेदारीमा वाखा प्रवर्द्धन कार्यक्रम | १ पटक | १९,०६,०००। |

तपसिल अनुसार संग्लन कागजातहरू
१. अनुसुची ३ अनुसारको निवेदन
२. अनुसुची २ अनुसारको संक्षिप्त कार्ययोजन
२. अनुसुची ४ अनुसारको लागत प्रतिवद्धता
३. नेपाली नागरीकताको प्रतिलिपी
४. समुह। समिती।सहकारी संस्थाको दर्ता प्रमाण पत्र र सहकारी संस्थाको हकमा कृषि। पशुपालन।दुग्ध व्यावसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपी
५. स्थायी लेखा नं.(पान नं.) को प्रतिलिपी
६. समुह। समिती।सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपी
७. समुह। समिती।सहकारी संस्थाका लक्षित सदस्यहरुको नामावली।
८. अन्य प्रमाण पत्रहरू (तालिम शौक्षिक योगयता,अनुभव,जग्गा भाडा सम्झौतापत्र आदिको) प्रतिलिपिहरू

( मदन कुमार थापा )
( प्रमुख प्रशासकिय अधिकृत )

**प्रस्तावना फारम वितरण तथा दर्ता सम्वन्धी तालिका**
**प्रस्तावना फारम पाइने तथा दर्ता हुने स्थान :** राजविराज नगरपालिका पशुपंक्षी विकास शाखा ,राजविराज
**फारम दस्तर : रु ३००।** :- रा.वि.न..पा.राजश्व शाखा
**फारम दर्ता हुने :** राजविराज नगरपालिका अन्तरगंत सहकारी संस्था,कृषक समुह/समितीहरुले मात्र दर्ता गराउन पाउने छ।
**विस्तृत जानकारी :** पशुपंक्षी विकास शाखा श्री परमेश्वर यादव मो.९८४२८३२०१२ र ९८०५९१२२६०

# गङ्गामायाको जीवन रक्षा गर्न सरकारलाई निर्देशन

काठमाडौं, ४ फागुन (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगको मंगलबार बसेको बैठकले गङ्गामाया अधिकारीको जीवन रक्षाका लागि सरकारलाई तीनबुँदे निर्देशन दिने निर्णय गरेको छ।

आयोगको कार्यालयमा मंगलबार बसेको बैठकले आयोगको उच्चस्तरीय अनुगमनबाट गङ्गामायाको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको पाइएको हुँदा निजको उपचारका लागि आवश्यक विशेष व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिने निर्णय गरेको छ।

त्यस्तै, अधिकारीको जीवन रक्षाका लागि न्यायको अनुभूति हुने गरी मानव अधिकारकर्मीसहितको उच्चस्तरीय कार्यदल गठन गरी यथाशीघ्र आवश्यक र उपयुक्त कदम चाल्न तथा कृष्णप्रसाद अधिकारीको हत्याका आरोपीमध्येका एक रुद्रप्रसाद आचार्य नेपाल बाहिर रहेको भन्ने सरकारी कागजातबाट समेत देखिएको हुँदा उहाँ जहाँ भए पनि आवश्यक प्रक्रिया पूरा गरी निजलाई अदालतसमक्ष शीघ्र उपस्थित गराउन सरकारलाई निर्देशन दिने निर्णय गरेको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिनुभयो।

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीउपर कारवाहीको माग राखी लामो समयदेखि अनशनरत अधिकारीको जीवन रक्षाका सम्बन्धमा आयोगको कार्यालयमा बसेको बैठकले उक्त निर्देशन दिने निर्णय गरेकोसमेत प्रवक्ता पोखरेलले जानकारी दिनुभयो।

बैठकले अनशनरत गङ्गामायालाई आफ्नो जीवनप्रति संवेदनशील बन्दै न्यायको अनुभूतिसमेतका लागि आफ्नो अनशनलाई स्थगित गर्न अनुरोध गर्दै कृष्णप्रसाद अधिकारीको हत्याका सम्बन्धमा भइरहेको न्याय सम्पादन प्रक्रियालाई शीघ्र निष्कर्षमा पुऱ्याउने कार्यमा सहयोगगर्न सबैलाई आग्रह गरेको छ।

### प्रदेश नं. २ ...

ठाउँमा सौन्दर्य अभिवृद्धिको काम भएको छ।

मानवीय विकासको क्षेत्रमा सरकारले महिला सशक्तीकरणका लागि 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान सञ्चालन गरी प्रदेशभरिका विभिन्न विद्यालयका कक्षा ८ मा अध्ययनरत छात्रालाई साइकल वितरण, जन्मेदेखि एक वर्षसम्मका बालिकालाई छोरी शिक्षा बीमा र महिलाका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरेको छ। यस आवमा कोरोना महामारीका कारण यी कार्यक्रम पनि प्रभावित भएका छन् तर अब भने पुनः कार्यक्रमलाई निरन्तरता दिने तयारी रहेको छ।

प्रदेश सरकारले प्रदेश लोकसेवा आयोग, प्रदेश मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण, चलचित्र विकास बोर्डजस्ता निकाय गठन गरी सञ्चार र चलचित्रको क्षेत्रमा समेत काम अगाडि बढाएको छ। कोरोना महामारीको समयमा कर्जा लिएर खेतीपाती र उद्योग व्यवसाय सञ्चालन गरेका किसानको चार महिनाको ऋण मिनाहा गरी किसानलाई प्रोत्साहित गर्नुका साथै सिँचाइका लागि आठै जिल्लामा ५० वटा डिप टयुबवेल जडान गरिएको छ। सप्तरीमा गजेन्द्र नारायणसिंह औद्योगिक करिडोरमा उद्योग सञ्चालनका लागि काम अगाडि बढाउनुका साथै उद्योग सञ्चालन गर्नेलाई विशेष सहयोग दिने गरेको छ। सीमित स्रोत साधनका बीच ३० वर्षमा हुन नसकेको काम तीन वर्षमा गरिएको प्रदेश २ सरकारको जिकिर छ।

## मध्यदेशीय साहित्य संघ तदर्थ समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन।**

मध्यदेशीय भाषा एवं संस्कृतिका लेखकहरुलाई संगठित गर्नु तथा उनीहरुको हकहितको संरक्षण लगायतका अन्य उद्देश्यका साथ मध्यदेशीय साहित्य संघ तदर्थ कार्यकारिणी समिति गठन गरिएको छ।

उपेन्द्र झाको अध्यक्षतमा गठित तदर्थ समितिको उपाध्यक्षमा सन्तोषकुमार चौधरी, महासचिवमा अजयकुमार झा, सचिवमा ध्रुवकुमार मण्डल तथा सदस्यहरुमा श्यामसुन्दर यादव, विद्यासागर साह र मालाकुमारी कर्ण रहेका छन्।

मध्यदेशीय भाषा, संस्कृति र काहित्यको संरक्षण एवं संवर्द्धन गर्नु मध्यदेशीय साहित्य संघको उद्देश्य रहेको मंगलबार जारि विज्ञप्तिमा उल्लेख छ।


# राजबिराज नगरपालिका

☎ ०३१-५२०३०८

नगरकार्यपालिकाको कार्यालय
राजबिराज, सप्तरी

प.सं.:२०७७/०७८
सुचना नं. २

मिति : २०७७।११।०५

**साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन सम्वन्धि सूचना ॥**
**(प्रथम पटक प्रकाशन)**

**यस कार्यालय आ.व.२०७७।०७८ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरु " प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना , परियोजना कार्यान्वन म्यानुवल २०७७ " बमोजिम सहकार्यमा कार्यगर्न ईच्छुक कृषि सहकारी संस्था/कृषक समुह/संस्था/जल/वन उपभोक्ता समिती/कृषि फार्म हरुले यो सुचना प्रकाशित भएको मितीले १५ औं दिन अर्थात ( फारम दर्ता हुने अन्तिम मिती :- २०७७/११/१९ ) सम्म कार्यालय समय भित्र तपसिल बमोजिम संग्लन कागजात सहित कार्यालय समय भित्र सिलबन्दी प्रस्तावना पत्र पशुपंक्षी विकास शाखामा दर्ता गर्न हुन आवहान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटकालागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।**

| सि.नं. | कार्यक्रम | संख्या | पालिकाबाट व्यहोरिने साझेदारी रकम रु |
|---|---|---|---|
| १. | बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | १ पटक | १५,००,०००। |
| २. | माछाको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | १ पटक | १५,००,०००। |

**तपसिल अनुसार संग्लन कागजातहरू**

१. अनुसुची ६ अनुसारको आवेदन फारम ।
२. अनुसुची ७ पकेट क्षेत्र मागकोलागी आधारभुत तथ्याङ.फारम ।
३. अनुसुची ८ अनुसारको संक्षिप्त कार्ययोजना ।
४. अनुसुची ९ अनुसारको लागत प्रतिवद्धता ।
५. अध्यक्ष । प्रोप्राईटरको नागरीकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
६. सम्बन्धित निकायमा कृषि सहकारी संस्था/कृषक समूह/संस्था/जल/वन उपभोक्ता समिती/कृषि फार्म दर्ता तथा नवीकरण भएको प्रतिलिपी प्रमाण पत्रको प्रतिलिपी ।
७. पकेट माग गर्ने संस्थाहरुको कार्य समितीको निर्णयको प्रतिलिपी ।
८. सहभागी कृषकहरुको तथ्याङ.सहित नामावली ।
९. माछाको हकमा निजी कृषकहरु समेत प्रस्तावना पेश गर्न सकिनेछ ।
१०. माछा पोखरीको हकमा वडा कार्यालयको सिफारिश पत्र ।
११. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम शौक्षिक योगयता,अनुभव) प्रतिलिपिहरू

( मदन कुमार थापा )
( प्रमुख प्रशासकीय अधिकृत )

**प्रस्तावना फारम वितरण तथा दर्ता सम्वन्धी तालिका**

**प्रस्तावना फारम पाइने तथा दर्ता हुने स्थान :** राजबिराज नगरपालिका पशुपंक्षी विकास शाखा ,राजबिराज
**फारम दस्तुर :** रु ३००। :- रा.बि.नं.पा.राजश्व शाखा
**फारम दर्ता हुने :** राजबिराज नगरपालिका अन्तरगंत सहकारी संस्था,कृषक समूह/समितीहरुले मात्र दर्ता गराउन पाउने छ ।
**विस्तृत जानकारीको लागी** पशुपंक्षी विकास शाखा श्री परमेश्वर यादव मो.९८४२८३२०१२ र ९८०५९१२२६०


# विश्व समाचार

## डब्लुएचओद्वारा अस्ट्राजेनिका खोपलाई मान्यता प्रदान

जेनेभा, ४ फागुन (रासस/एएफपी)।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले अक्सफोर्ड-अस्ट्राजेनिकाले विकास गरेको कोभिड-१९ विरुद्धको खोपलाई आपतकालीन प्रयोगका लागि स्वीकृति प्रदान गरेको छ। कोभिड-१९ को महामारीसँग सङ्घर्षरत कमजोर एवं गरिब राष्ट्रलाई खोप प्रदान गर्न यस स्वीकृतिले सहज बनाउने डब्लुएचओले विश्वास लिएको छ।

अस्ट्राजेनिकाको खोपलाई कोभाक्स कार्यक्रममार्फत विश्वभर वितरण गर्न डब्लुएचओको अनुमतिले सहज बनाएको छ। डब्लुएचओले यसअघि फाइजरले विकास गरेको खोपलाई मान्यता दिइसकेको छ।

डब्लुएचओले जारी गरेको विज्ञप्तिमा कोभाक्समार्फत विश्वभर नै खोप वितरण गर्न यस निर्णयले सघाउ पुग्ने उल्लेख छ। अस्ट्राजेनिकाको खोप हाल भारतको सेरम इन्स्टिच्यूट र दक्षिण कोरियाको एसकेबायोले उत्पादन गरिरहेका छन्।

भारत र दक्षिण कोरियाबाट अस्ट्राजेनिकाका करिब ३३ करोड ७२ लाख डोज खोप उत्पादन भइसकेको छ। यो खोप कोभाक्समा आबद्ध करिब १४५ मुलुक सहभागी छन्। यस खोपबाट सन् २०२१ को मध्यसम्ममा विश्वको कूल जनसङ्ख्याको करिब ३.३ प्रतिशतलाई खोप लगाउन पर्याप्त हुनेछ।

कोभाक्सका लागि सेरम इन्स्टिच्यूटबाट अस्ट्राजेनिकाको २४ करोड, दक्षिण कोरियाबाट अस्ट्राजेनिकाको नौ करोड ६० लाख तथा फाइजरबाट १२ लाख डोज उत्पादन हुँदैछ। यी खोप दुई डोज लगाउनु पर्दछ। पैसाठी वर्षभन्दा माथिका व्यक्तिलाई पनि अस्ट्राजेनिकाको खोप लगाउन मिल्ने डब्लुएचओले जनाएको छ।

डब्लुएचओको विज्ञ सल्लाहकार समूहको बैठकले अस्ट्राजेनिकाको खोप ६५ वर्षभन्दा माथिका व्यक्तिलाई पनि दिन सिफारिस गरेको छ। यसअघि पर्याप्त तथ्याङ्कको अभावमा खोपको प्रभावकारिता आङ्कलन गर्न कठिन भएको पनि डब्लुएचओले स्वीकार गरेको छ।

## पोर्चुगलका प्रधानमन्त्रीलाई कोरोनाको खोप

लिस्बन, ४ फागुन (रासस/सिन्ह्वा)।

पोर्चुगलका प्रधानमन्त्री एन्टोनियो कोस्टाले सोमबार कोरोनाविरुद्धको खोप लगाउनु भएको छ। उहाँले खोप लगाएसँगै पोर्चुगलमा कोरोनाविरुद्धको खोप अभियान सुरु भएको अधिकारीले जनाएका छन्। प्रधानमन्त्री कोस्टाले फाइजर/बायोएनटेकको खोप लगाउनु भएको हो। प्रधानमन्त्री कोस्टाले देशमै पहिलो खोप लगाएर खोप अभियान शुरु गरिएको हो।

प्रधानमन्त्री कोस्टाले खोप लगाएको कुरा स्वास्थ्यमन्त्री मार्ता टेमिडोले पनि पुष्टि गर्नु भएको छ। त्यसैगरी राष्ट्रपति मार्सेलो रिबेलो डि सौसा तथा संसदका अध्यक्ष फेरो रोड्रिगेजले पनि कोरोना विरुद्धको खोप लगाउनु भएको छ। त्यसपछि प्राथमिकताक्रम निर्धारण गरेर सबैलाई खोप दिने तयारी भइरहेको अधिकारीले जनाएका छन्।

प्राथमिकता निर्धारण गर्दा स्वास्थ्यकर्मीलाई सबैभन्दा अगाडि राखिएको छ भने जेष्ठ नागरिक र रोगीलाई अर्को उच्च प्राथमिकतामा राखिएको छ। स्वास्थ्यमन्त्री टेमिडोले पहिलो चरणमा झण्डै तीन लाख ३३ हजार र दोस्रो चरणमा झण्डै दुई लाख खोप ल्याउने तयारी सरकारले गरिरहेको जानकारी दिनुभयो। "हामीले झण्डै एक चौथाइ खोप आठ दिन अगाडि नै ल्याइसकेका छौं, अरु खोप पनि चाँडै नै आउँछ," उहाँले भन्नुभयो।

## जिम्बाबेमा लकडाउनको म्याद थप

हरारे, ४ फागुन (रासस/सिन्ह्वा)।

कोरोनाभाइरसबाट प्रभावित अफ्रिकी मुलुक जिम्बाबेमा लकडाउनको समयावधि फेरि थप गरिएको छ। कोरोनाभाइरसको महामारी नियन्त्रण नभएकाले लकडाउन फेरि थप्नुपरेको राष्ट्रपति इमर्सन मनङ्गवाले बताउनुभयो।

उहाँका अनुसार यसअघि छ हप्ता लागु गरिएको देशव्यापी लकडाउन अहिले दुई हप्ता थप्ने तयारी भएको हो। राष्ट्रपति मनङ्गवाले देशमा कोरोनाभाइरसबाट सङ्क्रमित हुने र मृत्यु हुनेक्रम नरोकिएकाले लकडाउन आवश्यक परेको बताउनुभयो।

व्यापार व्यवसाय गर्ने समय भने बढाइएको छ। दैनिक सातदेखि नौ घण्टासम्म व्यापार व्यवसाय गर्न पाइने व्यवस्था गरिएको छ। रातिको समयमा भने कर्फ्यु नै लगाइएको छ।

लकडाउनको समयमा विद्यालय भने पूर्णरुपमा बन्द हुने पनि राष्ट्रपति मनङ्गवाले जानकारी दिनुभयो। त्यसैगरी अन्तर शहर र अन्तर प्रान्तस्तरीय भ्रमण पनि बन्द गराइएको छ भने भोजभतेर र भीडभाड पनि गर्न नपाइनेको व्यवस्था गरिएको छ।

सबै गतिविधि गर्दा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्ड तथा निर्देशिकाअनुसार गर्न पनि सरकारले आह्वान गरेको छ। जिम्बाबेमा गत आइतबार एक दिनमा कोरोनाका कारण दुई जनाको मृत्यु भएको थियो भने ६८ जना सङ्क्रमित भएका थिए। अधिकारीकाअनुसार जिम्बाबेमा अहिलेसम्म झण्डै एक हजार ४०० जनाको मृत्यु भएको छ भने ३५ हजारभन्दा बढी सङ्क्रमित भएका छन्।

# कुखुरा र पोषण सामग्री बितरण




**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

सप्तरीको महदेवा गाउँपालिकामा हरेक वडामा रहेका गर्भवती तथा कुपोषणमा परेका बालबालिकालाई सोमबार कुखुरा र हरलिक्स बितरण गरिएको छ ।

छिन्नमसता बिकास सेवाले आयोजना गरेको कुखुरा तथा पोषण बितरण समहारोमा करिब ६ सय जना गर्भवती तथा कुपोषीत बालबालिकालाई कुखुरा र हरलिक्स बितरण गरिएको संस्थाका अध्यक्ष बिनोद साफीले जानकारी दिएका छन् ।

महदेवा गाउँपालिकाका स्वास्थ्य संयोजक ललित यादवको प्रमुख अतिथियमा सम्पन्न भएको पोषण सेवा बितरण कार्यक्रममा वडा नं. १ देखि ६ सम्मका कुषोसित तथा गर्भवती महिलालाई कुखुरा र हरलिक्स बितरण गरेको हो ।

सो क्रममा ६ सय पिस कुखुरा र ३ सय ८० पिस हरलिक्स बितरण गरिएको छिन्नमस्ता बिकास सेवाले जनाएको छ । सो कार्यक्रममा महदेवा गाउँपालिकाका प्रमुख दिपक कुमार यादव र सबै वडाका वडा अध्यक्ष सहितका उपस्थिति रहेको थियो ।

त्यस्तै जिविकोपार्जनमा केही हदसम्म सहज हुने उद्देश्यले सप्तरीको महादेवा गाउँपालिकाका गरिब विपन्न परिवारलाई नि:शुल्क बाख्रा समेत प्रदान गरिएको छ ।

छिन्नमस्ता विकास कृषक समूहको आयोजनामा आयोजित कार्यक्रमका बीच गाउँपालिकाको सहयोगमा ४२ गरिब विपन्न परिवारलाई बाख्रा प्रदान गरेको थियो ।

बाख्राकासाथै खोर तयार २-२ थान जस्ता पाता (टिन) र विउ पनि उपलब्ध गराइएको छ । बाख्रा पालन गरेर जिविकोपार्जनमा केही हदसम्म सहयोग हुने उद्देश्यले गरिब विपन्न परिवारलाई बाख्रा वितरण गरिएको जनाइएको छ ।

# सरस्वती पुजा धुमधामका साथ मनाईयो





**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

सप्तरीका विभिन्न विद्यालयहरुमा श्रीपंचमीका दिन मनाइने सरस्वती पूजा धुमधामको साथ मनाईएको छ ।

बुद्धि ज्ञान र विद्याको रुपमा सारा विश्वमा आफ्नो कृपाले ज्ञानको प्रकाश फैलाउने सरस्वतीलाई श्री पञ्चमीका दिन विद्यार्थीहरुले श्रद्धापूर्वक पूजाअर्चना गर्ने परम्परा रहेको छ। पूजाका लागि विद्यार्थी, अभिभावक र विद्यालयका संचालक सबै उत्साहका साथ जुट्ने गरेका छन् ।

राजबिराजका विभिन्न बिद्यालयहरूमा सरस्वती पूजाको लागी माटाका कलात्मक मुर्ति बनाएर बिधार्थीहरूले सरस्वती पुजा धुमधामका साथ मनाएका छन् ।



राजबिराजस्थित मबिव क्याम्पस, शिब्स ईन्टरनेशनल माबि, लिटिल फ्लाबर, गौतम शिसु सदन, पविमाबि लगायतका बिधालयमा भब्यता पुर्व सरस्वती पुजा मनाएका छन् ।

सरस्वती पूजाको अवसरमा राजविराजस्थित शिब्स बोर्डिङ स्कुलका विद्यार्थीहरुले विज्ञान प्रदर्शिनी गरेका थिए । जसमा विद्यार्थीहरुले कलात्मक रुपमा निर्माण गरेका सलाईको डब्बाले बनाएका घर, चर्खा तथा बिज्ञानसँग आधारित अन्य सामाग्रिहरु प्रदर्शनीमा राखिएको थियो ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

आधार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer (Money Transfer Made Easy), Best Remit (Quick & Easy), Prabhu Money Transfer (प्रभुको इच्छा; रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*